जनकपुरधाम उप-महानगरपालिका
জনকপুৰধামউপ-মহানগরপালিকা

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र सङ्ख्या:२०८२/८३
चलानी नं. :-

शोक विज्ञप्ती

नेपालकमा युवा पुस्ताहरूको समुह GEN Z ले २०८२।०५।२३ गतेका दिन भ्रष्टाचार र सामाजिक सञ्जाल बन्दको विषयमा गरेको देशव्यापी आन्दोलनको क्रममा प्रहरी प्रशासनद्वारा गोलीबाट १९ जना युवाहरुको मृत्यु भएको र सयौंको सङ्ख्यामा गम्भीर घाइते भएको घट्ना प्रति जनकपुरधाम उप-महानगरपालिका निकै मर्माहित महसुस गर्दै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै सो आन्दोलनको कममा मृत्यु वरण गर्न पुगेका देशका भावी कर्णधार युवाहरूको मृत्यु प्रति गहिरो शोक प्रकट गर्दै मृतक आत्माको चीर शान्तिको लागि माता जानकी सँग कामना पनि गर्दछौं।

देशमा पटक-पटक भएको आन्दोलन र बलिदानको जगमा स्थापित भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा अब कसैले आन्दोलन गर्नु नपर्ने अवस्था कायम राखी शासन व्यवस्था सुसञ्चालित रहनु पर्नेमा सरकार र नेतृत्व प्रति अविश्वास भई युवाहरूले आन्दोलन नै गर्नुपर्ने अवस्था आउन नदिने गरी शासन व्यवस्था चलाउनु नेतृत्वकर्ताको प्रमुख दायित्व हो। युवाहरूले गरेका आन्दोलनको क्रममा उठाएका प्रश्नहरुको मर्मोचित सम्वोधन र नियन्त्रण जन्य प्रयास नगरी गोली नै प्रहार गरिनु खेद जन्य घट्ना हो।नागरिकको ज्यु ज्यानको सुरक्षाको प्रत्याभुति गर्ने, अव आइन्दा यस्ता घट्नाहरू दोहोरिने छैन भनी नेपाल सरकारले सवै साधारण नेपाली नागरिक सँग क्षमा माग गरी मृतक परिवारलाई क्षतिपुर्ति र घाइतेहरूको निःशुल्क उपचारको प्रवन्ध गरोस भनि हार्दिक अपिल समेत गर्दछौ।

....................
मनोज कुमार साह
नगर प्रमुख
जनकपुरधाम उप-महानगरपालिका, धनुषा